# मिति २०७६ चैत्र २४ गतेको वीरेन्द्रनगर नगरकार्यपालिकाको बैठकका निर्णयहरु

१. अर्थ मन्त्रालयको चलानी नम्बर ६९४, मिति २०७६।१२।२१ को खर्च व्यवस्थापन सम्बन्धी पत्रानुसार यस नगरपालिका मार्फत प्रत्येक वडामा उपलब्ध गराउने राहत सामाग्री खरिद गरि वितरण गर्ने प्रयोजनका लागि यस नगरपालिकामा “कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोष” स्थापना गरि राष्ट्रिय बाणिज्य बैंक, सुर्खेतमा रहेको प्रकोप व्यवस्थापन कोषको खाता नं.४०८०३०५०५०००२ मा बजेट व्यवस्थाका लागि तपसलि बमोजिमका रकम रकमान्तर /प्राप्त गरी कोषमा जम्मा गर्ने ।

**तपसिलः**

(क) चालु आर्थिक वर्षका देहायका योजनाहरुको रकमान्तर गरी कुल २ करोड

- घण्टाघर कालुनचौक फुटपाथ ग्रिनरी नालाबाट रु.५० लाख
- बसपार्क विस्तारबाट रु.५० लाख
- हटलाईन हरियाली (कालुनचौक,कटकुवा अस्पताल,गणेश चोक सडक) बाट रु.५० लाख
- मंगलगढि काकेबिहार सडकबाट ५० लाख ।

(ख) नगरपालिकाले आव्हान गरी अन्य कुनै संघ सँस्था, निकाय तथा व्यक्तिले सहयोग गरेको रकम ।

२. मिति २०७६।१२।१४ गतेको कार्यपालिका बैठकको निर्णयानुसार हरेक वडामा अधिकतम ५ लाखका दरले न्यूनतम् खाद्यवस्तु (दाल,चामल,तेल र नुन) राहत स्वरुप वडाकै योजनाबाट रकमान्तर गरी खर्च गर्ने निर्णय भएअनुसार सो निर्णय र तत पश्चात संघीय सरकार र प्रदेश सरकारको मापदण्डलाई आधार मानी कार्यालयको निर्णयानुसार राहत वितरणका लागि वडामा पत्राचार गरिएको विधि र मापदण्ड अनुसार नै राहत उपलब्ध गराउने । सो मापदण्ड अनुसार हालसम्म वडा समितिको निर्णयानुसार भएको खर्च रकम समर्थन गरियो । हाललाई वडा समितिले निर्णय गरी पठाएता पनि वडातर्फका योजनाहरुको रकमान्तर/कटौती नगर्ने ।

३. निर्णय नम्बर २ बमोजिमको मापदण्ड अनुसार वडा समितिबाट गरिएको खर्च तथा राहत वितरणका लागि हाल सम्म भएको वडागत रुपमा देहाय बमोजिमको रकम प्राप्त बिल भर्पाईका आधारमा वडाको सिफारिस अनुसार सम्बन्धित निकाय वा पसलमा कोषबाट खर्च लेख्ने गरी भुक्तानी गर्ने ।

**निम्न :**

| **वडा नं.** | रकम | **वडा नं.** | रकम | **वडा नं.** | रकम | **वडा नं.** | रकम |
|---|---|---|---|---|---|---|---|
| **१** | ७,४०,०००। | **२** | ७,९०,०००। | **३** | ५,००,०००। | **४** | ५,६०,०००। |
| **५** | ६,५०,०००। | **६** | ५,००,०००। | **७** | ५,००,०००। | **८** | ५,००,०००। |
| **९** | ६,२०,०००। | **१०** | ८,६५,०००। | **११** | १२,००,०००। | **१२** | ९,००,०००। |
| **१३** | ५,००,०००। | **१४** | ० | **१५** | ० | **१६** | ५,००,०००। |

४. यस नगरपालिका अन्तर्गत सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा थप व्यक्तिगत सुरक्षा सामग्री (PPE), इन्फ्रारेड थर्मोमिटर, ग्लोभहरु, मास्क, ह्याण्ड सेनिटाईजर, डिस्इन्फेक्ट (विषादि) छर्कने सामग्री लगायतका सामग्री तथा आवश्यक औषधिहरु अभाव हुन नदिन कोरोना संक्रमण रोकथाम नियन्त्रण र उपचार कोषबाट खर्च हुने गरी तत्काल कार्यालयले खरिद तथा व्यवस्थापन गर्ने ।

५. बिश्वब्यापी रूपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) का कारण पनि दिन प्रति दिन कोरोना भाईरसका बिरामीको संख्या संख्यात्मक रूपमा वृद्धि भईरहेको र बिश्व नै आक्रान्त भईरहेको परिपेक्षयमा यस नगरपालिकामा निम्न बमोजिम गर्ने ।

(क) यस नगरपालिकामा नगर बाहिरबाट आउने खाद्य सामाग्री बाहेकका तरकारी,दुध लगायतका दैनिक उपभोग्य सामाग्रीहरु आयातमा एक हप्ताका लागि रोक लगाउने ।

(ख) वडा तथा टोल समेत लक डाउन गर्न सकिने गरि वडालाई जिम्मेवारी दिने, लकडाउनलाई पुर्ण रुपमा पालना गर्न नगरबासीमा अनुरोध गर्ने ।

६. संघीय सरकार, प्रदेश सरकार र सो अन्तर्गतका निकायहरुबाट माग हुने विवरण तथा नगरपालिकासँग दैनिक समन्वय गर्न प्रत्येक वडा कार्यालयले एकजना फोकल पर्सन तोक्ने र प्रत्येक दिन आवश्यक सुचना इमेल, मेसेज वा फोनमार्फत उपलब्ध गराउने । खाद्यवस्तु वितरणको, विदेशबाट आएर होम क्वारेन्टाइनमा बसेकाको विवरण र नगरक्षेत्र बाहिर स्थायी ठेगाना भई यस नगरपालिकामा बसोबास गर्ने ज्याला मजदुरी गरी खानुपर्ने परिवारको विवरण समेत तत्काल पठाउने ।

७. यस नगरपालिका र अन्तर्गत कोरोना सक्रमण विरुद्ध कार्यालयको निर्णयानुसार खटिने कुनै कर्मचारीलाई संक्रमण भएमा नगरपालिकाले निःशुल्क उपचारको व्यवस्था गर्ने । सो रोगको कारणले कर्मचारीले ज्यान गुमाउनु परेमा निजको आश्रित परिवारलाई नगद रु.१० लाख क्षतिपुर्ति तथा राहत वापत उपलब्ध गराउने ।